# बहु साँस्कृतिक सह जीबन समाज

## (आफ्नो नाम बाट परीचय दिनकोलगि)

अभिभाबक ज्यु

ओसाका सिटी शिक्षा बोर्डले फरक देसको संकृति बुझेर विभिन्न गुण र क्षमताहरु भएका फरक संस्कृतिका बच्चाहरुलाई संगै राखेर बृहत समाज बनाउनको लागि "बहु संस्कृतिक सहजिबन समाज "मार्फत हामीले कोसिस गर्दैछौ । हाल विभिन्न देसका विभिन्न समुदाएको बालबालिकाहरु ओसाका सहरका सरकारी बिधालयहरु प्रा,बि मा , बि तथा उच्च मा बि लगाएतका तहहरुमा विभिन्न देशहरुबाट आएका जस्तै कोरिया , उत्तर कोरिया , चीन फिलिपिन , भेतनाम , पेरु , ब्राजिल , नेपाल लगाएत अन्य ५० भन्दा धैरै देसका बच्चाहरु हाल अध्ययन गरिरहेका छन् । तसर्थ विभिन्न देसका बच्चा हरु स्यम आफ्नो नामबाट परिचित होउन भनि यस ओसाका शिक्षा बोर्डले त्यस्तो बाताबरण निर्माणको लागि कोसिस गरिरहेको छ । हाल विभिन्न देसबाट आएका तथा अन्तरदेसिय बिबाहबाट जन्मेका बच्चाहरु साथै जापानको नागरिकता भयका र अन्य बच्चाहरु सबैको आफ्नै मौलिक परिचय (भाषा , नाम ,संकृति )ले परिचित हुनु राम्रो कुरा हो भन्ने हामीलाई लागेको छ । तसर्थ आफ्नो देसको मौलिक परिचयले गर्दा सो देसको संस्कृति मन पराउने अन्य फरक देसका व्यक्ति तथा स्यम त्यस देसका अरु अपरिचित साथीहरु भेट गराई एउटा बृहत समाज निर्माणका लागि यस ओसाका सिक्षा बोर्डले सहयोग गर्दै आएको छ । स्यम आफ्नो परिचयले चिनाउदा अरुबाट अपहेलित नहुन भनि तेसका लागि हमिले काम गर्दै आएका छौ ।

तसर्थ हामी ओसाका शिक्षा बोर्डले सोचेको जस्तै सबै अभिभाबकहरुले पनि सोचिदिनु होला भनि आशा गर्दछौ ।

सन् 2025 ओसाका शिक्षा बोर्ड